# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं चैत १५ गते, २०७२ साल (संख्या ५०


## भाग ५

### नेपाल सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क. ले दिएको अधिकार प्रयोग गरी देहाय वमोजिमको चारकिल्ला भएको ११८ वर्ग किलोमिटर ६१.क्षेत्रलाई शिवपुरीनागार्जुन- राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र घोषणा गरेको छ ।

<u>चार किल्ला</u>

पूर्व: नुवाकोट जिल्ला, तलाखु गाउँ विकास समितिको पाटी भन्ज्याङ्गबाट बाटैबाटो सान्दन टोल, हैबुङ्ग महादेबस्थान माध्यामिक विद्यालय, गुरुङ्ग गाउँ र सोती खोलाको दोभान हुँदै भोटेचौर गाउँ विकास समितिको मुल कुलो र मेलम्ची मार्ग जोडिने स्थानसम्म। त्यहाँबाट खवासे टोललाई भित्र पारी भुमेथान डाँडा र मेलम्ची जाने मोटर बाटैबाटो काठमाडौं जिल्ला चौकि भन्ज्याङ्ग, छिरिङ्ग खोला हुँदै घट्टेखोला दोभानसम्म। त्यहाँबाट झुलेखोला हुँदै चौकी भन्ज्याङ्गबाट धारा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।


१४०३

भन्ज्याङ्ग जाने बाटैबाटो धारा भन्ज्याङ्ग, लामा नाच्ने डाँडा, शैले खोला हुँदै शंखरापुर र कागेश्वरी मनहरा नगरपालिकाको सिमानामा पर्ने मणिलिङ्गेश्वर महादेव खोला दोभानसम्म।

पश्चिमः काठमाडौं र धादिङ्ग जिल्लाको सिमानामा पर्ने महेशनारायण खोलाबाट भीमढुङ्गा लामिडाँडा सडक हुँदै भन्ज्याङ्ग पोखरीसम्म । त्यहाँबाट सिरानचौर खोला, घट्टे खोला, ढाँडेबेसि हुँदै कोल्पु र नागडोल खोला दोभानसम्म ।त्यहाँबाट पुरानो गोरेटो बाटो हुँदै डाँडागाउँलाई भित्र पारी महालक्ष्मी मन्दिर हुँदै कोल्पु खोलाको पुलसम्म। त्यहाँबाट सिधै खोलैखोला काउले भन्ज्याङ्ग, स्वाँरा खोलो, थानसिङ्ग गाउँको सिरान हुँदै ठुलो छहरे खोलामा थानपति जाने पुरानो बाटो जोडिएको स्थानसम्म।

उत्तरः नुवाकोट जिल्ला, थानपति गाउँ विकास समितिको ठुलो छहरे खोलाबाट थानपति जाने गोरेटो बाटैबाटो थानापति मन्दिर र मोक्तान गाउँ, कोटथोक गाउँलाई भित्र पारेर पाण्डे टोल जाने मोटर बाटैबाटो पाण्डे टोल, गुर्जे खोला दोभान र समुन्द्रादेवी मन्दिरसम्म। त्यसपछि लप्से खोला, मोहोरथोक घट्ट, देउराली चियानडाँडाको टुप्पोबाट सिक्रे खोला र लिखु खोलाको नरसिंहघाट हुँदै तलाखु गाउँ विकास समिति को पाटी भन्ज्याङ्गसम्म।

दक्षिणः काठमाडौं जिल्ला, शंखरापुर र कागेश्वरी मनहरा नगरपालिकाको सिमानामा पर्ने मणिलिङ्गेश्वर महादेव खोला दोभानबाट भोर्लेटार गाउँ जाने मोटर बाटैबाटो धुले पुल, गागलफेदीबाट नयाँपाटी जाने बागमती नदी पुल, नयाँपाटीको चण्डिकाश्वरी माध्यामिक विद्यालय हुँदै ढोका भन्ज्याङ्ग र सुर्यमति खोला दोभानसम्म। त्यहाँबाट सिधै कौडेलको डाँडाको सिरान हुँदै माईलो भोटेको ढुङ्गो, निलकण्ठ रुद्रेश्वर महादेव मन्दिर र खोल्सो हुँदै रुद्रेश्वर महादेव मन्दिरसम्म। त्यहाँबाट खोलैखोला माहादेवखोला पुल र जय भद्रकाली निम्न माध्यामिक विद्यालय ,ज्याम्ले खोला हुँदै मुहानपोखरी र तौलुङ्ग जाने बाटो छुट्टिने दोसाँधसम्म। त्यहाँबाट



१४०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पन्चेश्वर महादेव मन्दिर, छोलिङ्ग गुम्वा, बिष्णुमती नदी हुँदै लुडे खोला दोभानसम्म। त्यहाँबाट सिधै टोखा गणेश मन्दिर र सपनातिर्थ खोला भएर टोखा छहरे मार्ग हुँदै साङला जाने मोटर बाटोको दोसाँधसम्म। त्यहाँबाट जीतपुरफेदी जोड्ने मोटर बाटो हुँदै तीनपिप्ले बजार र थानागढी हुँदै कृष्ण प्रणामी मन्दिरसम्म। त्यहाँबाट घ्याम्पेखोलाको पुछार हुँदै फुँयालथोक गाउँलाई भित्र पारेर घारी खोल्सो हुँदै गोलढुङ्गाको नागार्जुन माध्यामिक विद्यालय र नागिन खोल्सी हुँदै लोलाङ्ग पुल तरेर बाटैबाटो पुरानो गुहेश्वरी मन्दिर हुँदै लखः पातः निकुन्ज सिमानासम्म। त्यसपछि नागार्जुन नगरपालिकाको निकुन्ज सिमानामा रहेको टौडल सिद्धी गणेश मन्दिरबाट मोटर बाटो हुँदै डल्लेको चोक, नसिढोकाको दोबाटो, तीनघरे तल्लो चोक, गैरीगाउँ, हलचोक हुँदै सिधै भद्रमती खोलाको कल्भर्ट र त्यस खोलैखोला माथितर्फ डाँडागाउँबाट जोडिने खोल्सोसम्म। त्यहाँबाट सिधै माथि खोल्सो हुँदै सेतो गुम्वा जाने मोटर बाटोसम्म। त्यहाँबाट वन क्षेत्र र आवादी जमिनको सिमाना हुँदै साखाहिटी खोल्सोसम्म। त्यहाँबाट मोटर बाटैबाटो सिद्धेश्वर महादेव मन्दिर हुँदै भीमढुङ्गा भीमसेनस्थान मन्दिर र भीमढुङ्गा लामिडाँडा सडक महेश नारायण खोलामा जोडिएको स्थानसम्म ।

आज्ञाले,
उदय चन्द्र ठाकुर
नेपाल सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

१४०५